नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep
# १२

१९ असार २०७७

# दैनिक विपद् बुलेटिन

१८ असार बिहान १०:०० बजेदेखि १९ असार बिहान १०:०० बजे सम्म

नेपालमा चट्याङ्ग र पहिरो कै घटना बढी घटेका छन् । पर्साको ४, सर्लाहीको २, रौतहटको २, चितवन, ससरी, प्युठान र गुल्मीको १/१ स्थान गरी १२ स्थानमा चट्याङ्ग परेको छ । जसबाट २ जनाको मृत्यु हुनुको साथै ११ जना घाइते भएका छन् । यस्तै गुल्मीको २, बागलुङ्ग १ गरी ३ स्थानमा पहिरो गएको छ । पहिरोमा परी १८ महिनाको एक बालकको मृत्यु भएको छ भने एक जना घाईते र एक जना वेपत्ता भएका छन् । धादिङ्ग र रसुवामा आगलागी भएका छन् । अविरल वर्षाका कारण प्युठानको १ स्थानमा सडक अवरुद्ध भएको छ ।

| मृत्यु संख्या | हराएको | घट्ना संख्या | घाइते | अनुमानित क्षति रु. | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ३ | २ | २० | १२ | ६,७०,००० | १ | २१ |

## घट्ना सारांश

- मुलुकभर गएको २४ घण्टामा विपद्का **२० वटा घट्नाहरु** भएका छन् ।
- **सर्लाही**को बागमती नगरपालिका वडा नं. १० मा धान रोप्दै गर्दा अचानक चट्याङ लागि **एक जना**को **मृत्यु** हुनुका साथै **एक जना घाइते** भएका छन् । यसैगरी बलरा नगरपालिका वडा नं. १ का अर्को एक व्यक्ति वर्षासँगै परेको चट्याङ्ग लागि घाइते भएका छन् ।
- **ससरी**को डाक्नेश्वरी नगरपालिका वडा नं. ८ का एक व्यक्ति खेतमा हलो जोती आलिमा बसीरहेको अवस्थामा **चट्याङ्ग** लागि घटना स्थलमै **मृत्यु** भएको र अर्को **एक जना** चट्याङको झट्का लागि **घाईते** भएका छन् ।
- **पर्सा**को बहुदरमाई नगरपालिका वडा नं. ३ बस्ने एक जनाको आफ्नै घरको बरण्डामा बसिरहेको अवस्थामा **चट्याङ्ग** लागि **घाईते** भएका छन् । बिरगञ्ज महानगरपालिका वडा नं. २४ मा **चट्याङ्ग**का कारण भित्ताको पर्साल खसि **एक जना घाईते** भएका छन् । पिपरामा रहेको जनस्वास्थ्य कार्यालयको छतमा **चट्याङ** पर्दा आंशिक रुपमा क्षति भएको छ । पर्सागढी नगरपालिका वडा नं. १ मनवास्थित एक घरमा **चट्याङ** परी विद्युतिय उपकरणहरु जल्दा अन्दाजी २,००,०००/- **रुपैंयाँ** बराबरको क्षति भएको छ ।

## घट्ना सारांश

- **रौतहट**को चन्द्रपुर नगरपालिका वडा नं. २ जुडिबेलास्थित चिम्निटोलमा **चटयाङ्ग**का कारण ४ जना **घाईते** हुनुका साथै एउटा भैंसी मरेको छ । कटहरिया नगरपालिका वडा नं ५ कटहरियास्थित एक घरमा **चटयाङ्ग** पर्दा घरको छतमा सामान्य क्षति भई घरमा रहेको कम्प्युटर, टिभि, पंखा गरि अन्दाजी **१,२५,००० रुपैंयाँ** बराबरको क्षति भएको छ ।
- **प्युठान**को गौमुखी गाउँपालिका वडा नं. ३ ढाडखानीमा आफ्नै घरमा सुतीरहेको अवस्थामा **चटयाङ्ग**मा परी २ जना **घाईते** भएका छन् ।
- **गुल्मी**को ईस्मा नगरपालिका वडा नं ३ तोरीपाटामा **चटयाङ्ग**बाट **एक जना घाईते** भएका छन् । ईस्मा गाउँपालिका वडा नं. १ मल्लीस्थित एक घर **अबिरल वर्षा**का कारण भत्कदा सोही घरका १८ महिनाको **एक बच्चा**को **मृत्यु** भएको छ भने अर्का **एक जना बेपत्ता** र **एक जना घाईते** भएका छन् । मुसीकोट नगरपालिका वडा नं. २ रातचौरमा पहिरोले पसल बगाउदा एक जना बेपत्ता हुनुका साथै २ वटा घर भत्किएको छ । पहिरोमा परी १८ वटा पशु मरेका छन् ।
- **चितवन**को माडी नगरपालिका वडा नं. ८ खरकट्टामा **चटयाङ्ग** लागेर **एउटा भैसी मरेको** छ ।
- **धादिङ्ग**को बेनिघाटरोराङ् गाउँपालिका वडा नं. १० हुग्दीखोलास्थित पृथ्वी लोकमार्गमा काठमाण्डौबाट नवलपरासी तर्फ जादै गरेको ट्रकमा अचानक **आगलागी** हुँदा ट्रकको अगाडीको भाग पूर्ण रुपमा जलेको छ ।

## सडक अवरोध

- प्युठानको सरुमारानी गाउँपालिका वडा नं. ३ पाकुरीखोलास्थित **भालुबाङ रोल्पा सडक खण्ड** अविरल वर्षाका कारण **अबरोध** भएको छ ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट चटयाङ्गमा परी घाईतेहरुको उद्वार गरी उपचारका लागि सम्बन्धित स्वास्थ्य केन्द्रहरुमा लगिएको छ । आगलागी भएको स्थानमा पुगी स्थानीय र दमकलको सहयोगबाट आगो पूर्णरुपमा नियन्त्रणमा लिएको छ । अवरोध भएको सडक खण्ड खुलाउने पहल भईरहेको छ । यसैगरी पहिरो गएका स्थानहरुमा उद्वारको कार्य जारी छ ।

## पूर्वानुमान

असार १९ शुक्रबार

- आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीहरुमा बहाव सामान्य बढ्दो क्रममा हुने तथा सबैमा बहाव सतर्कता भन्दा तलै हुने।
- आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई लगायतमा पनि बहाव बढ्दो क्रममा हुने र सतर्कता तलै हुने । तर कन्काई, बागमती, पश्चिम राप्ती र बबईका केहि स साना सहायक-नदीमा आकस्मिक बहाव भई जलसतह सतर्कता आसपास सम्म पुग्न सक्ने ।
- आज पाँचथर, ईलाम,झापा, मोरङ, सुनसरी, धनकुटा, उदयपुर, ओखलढुङगा, दोलखा, रामेछाप, काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, सप्तरी, सिराहा,धनुषा, बारा ,पर्सा, सिन्धुली, मकवानपुर, नुवाकोट, रसुवा, गोरखा, लमजुङ, धादिङ, तनहूँ, लमजुङ, कास्की, बागलुङ, पर्वत, चितवन, नवलपरासी, रूपन्देही, गुल्मी, अर्घाखाँची, स्याङजा, रोल्पा, रूकुम, प्यूठान, दैलेख, जाजरकोट, सुर्खेत, बाँके, बर्दिया,कैलाली, कञ्चनपुर, डोटी, डडेलधुरा र आसपास जिल्ला भई बहने केहि साना नदी जलाधारको केहि स्थानमा क्षणिक मध्यम बर्षा भई आसपासका केहि स साना खोलाहरुमा-बहाव बढ्न सक्ने र केहिमा सतर्कता आसपास सम्म पुग्न सक्ने ।


थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/

*हाल तिनाउ नदी बुटवलको बाढी मापन केन्द्रमा जलसतहले सतर्कता तह पार गरेको र बढ्दो रहेकाले कञ्चनखोला, तिनाउखोलाको तल्लो तटिय क्षेत्र र आसपासका स-साना खोलामा बाढी आउन सक्छ, दिउँसो सम्मै सतर्क रहौं ।*

**- बाढी पूर्वानुमान महाशाखा, DHM**

**सारांशः**

आज मिति २०७७/०३/१९ गते विहान ०८:४५ बजे १२३ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ४० र स्वचालितः ८३) मा मापन गरिएको वर्षाको विवरण अनुसार ८४ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (१०२.२ मि. मी.) दाङ जिल्लाको नयाँबस्ती केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये १ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढि, ९ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, २० वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ३८ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**स्रोतः** जल तथा मौसम विज्ञान विभाग
हावापानी विज्ञान महाशाखा/हावापानी विश्लेषण शाखा